# प्रश्न नं. ४

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.३६६ देखि ४८७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

कल्पना आचार्यको जाहेरीले नेपाल सरकार

बिरुद्ध

झापा जिल्ला, बाह्रदशी गाउँपालिका वडा नं. ७ वस्ने जीवन घिमिरे समेत

मुद्दा:-ज्यान सम्वन्धी कसूर

१. जिल्ला झापा बाह्रदशी गाउँपालिका वडा नं. ७ स्थित पूर्वमा राजपैनी, पश्चिममा नारदमणी मैनालीको घर जग्गा, उत्तरमा गोलधाप फुलवारी पूर्व पश्चिम कच्ची वाटो, दक्षिण चन्द्रवहादुर कार्कीको खेत जग्गा यति चार किल्ला भित्र रहेको नारदमणी मैनालीको चिया वगान भित्र पूर्व उत्तर टाउको पश्चिम दक्षिण खुट्टा भई दाहिने तर्फ कोल्टे भई मृतक लोकमायां आचार्यको लास रहेको भन्ने समेत व्यहोराको मिति २०७५।८।६ को लास प्रकृति मुचुल्का ।
२. मेरो भाउजु लोकमायां आचार्य गाउँकै जीवन घिमिरे, कुमार अधिकारी र नेत्रवहादुर कार्की समेतका मानिसहरुसँग शारिरीक सम्वन्ध हुँदै आएको र अन्दाजी ३।४ महिनताको गर्भ भएपछि उक्त गर्भ खोलाउन दवाई समेत खुवाँदा नभएकोले भाउजुलाई मिति २०७५।८।५ गते राती कर्तव्य गरी मारी फालेकोले कानून वमोजिम सजाँय गरिपाऊँ भन्ने समेत व्यहोराको मिति २०७५।८।५ गतेको जाहेरी दर्खास्त ।
३. घाँटीमा वाँधिएको, कसिएको कारणवाट स्वास प्रश्वास कृया वन्द हुन गई मृतक लोकमायांको मृत्यु हुन गएको हो भन्ने समेत व्यहोराको लास पोष्ट मार्टम रिपोर्ट ।
४. मृतक लोकमायां आचार्यलाई मैले पहिले देखि नै चिनेको थिए । मिति २०७५।८।५ गते हामी कुमार अधिकारी समेतले मृतकलाई निजले लगाएको सलले घाँटी कसी मारेको हो भन्ने व्यहोराको विषे भन्ने नेत्रवहादुर कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।
५. मिति २०७५।८।५ गते वेलुका अं. १९.३० वजेको समयमा मृतकलाई निजले घाँटीमा वेरेको कपडा जीवन घिमिरेले वेसरी तानी करिव १० मिनेट पछाडि छाड्दा पनि ध्यार ध्यार गरे पछि हामी दुवैले घोप्टो पारी जीवनले मृतकको पछाडि ढाडमा दाहिने खुट्टाले टेकी दुवै हातले उक्त सल झट्कारी तान्दा निज मृतक पहिला नै मरी सकेकी रहिछन् । त्यसपछि हामी आ-आफ्नो घर तिर लाग्यौं भन्ने समेत व्यहोराको कुमार अधिकारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।
६. मिति २०७५।८।५ गते राती अं. पौने ८ (आठ) वजेको समयमा म नेत्रवहादुर कार्की र कुमार अधिकारी समेतका तिन जना मानिसहरु एक आपसमा भेट भई सल्लाह गरी लोकमायां आचार्यको घर नजिक पुगी पैनीमा कति धेरै पानी आएछ भनी सँकेत आवाज गर्दा लोकमायां आचार्य घर देखि वाहिर निस्की आईन र निज आउँदा माथि हरियो कुर्था र तल सेतो सल जस्तो सेतोमा रातो कालो वुट्टा भएको कपडा वेरी आएकी थिइन । कुमार अधिकारीले भाउजु जाऊँ भनी हातमा समाई चिया वगान तिर लगे । महिले चाँही आज म पहिला करणी गर्छु भने पछि हुन्छ भनी कुमारले छाडी दियो र निजको घर देखि दक्षिण चिया वगानमा लगे साथीहरु पनि सँगै थिए । मैले निजले तलवाट लगाएको सेतो टेरिकटनको सल जस्तो कपडा खोले निज आफै उत्तानो परी सुतिन र त्यही खोलेको सलले डवल पारी घाँटीमा कस्न खोज्दा के गरेको भनी हात चलाउदै घाँटि तिर ल्याईन र कुमार यहां आईज हात समात भनी भने, निज आएर दुवै हात समाती ताने र मैले उक्त सलले घाँटीमा वाँधी कसी कसी तान्न थाले । माल्दाई मान्छे हेर्नु है भनी नेत्रवहादुर कार्कीलाई भने र मान्छे हेर्न थाले । मैले करिव १० मिनेट जति कसी कसी तानेपछि ध्यार ध्यार गर्न थालिन र मरेकी छैनन होला भनी पछाडि फर्काइ घोप्टो पारी दाहिने खुट्टाले ढाडमा टेकी दुवै हातले उक्त सल कपडाले झट्काली झट्काली तानेपछि निजको मृत्यु भइसकेको थियो । त्यसपछि छाडी हामी आ-आफ्नो घर तर्फ लाग्यौं भन्ने समेत व्यहोराको प्रतिवादी जीवन घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।
७. मिति २०७५ साल आषाढ महिनामा नेत्रवहादुर कार्की मेरो हार्डवेयर पसलमा आई दाई मेरो श्रीमतीको मासिक श्राव वन्द भएको १ महिना जति भयो । काखमा सानो वच्चा छ गर्भ रह्यो भने दुःख हुन्छ , विर्तामोड जाँदा मासिक खोल्ने

## प्रश्न नं. ४

दवाई ल्याई दिनु भनी भनेकाले मैले सोही दिन विर्तामोडवाट मासिक खोल्ने दवाई रु. ७०। मा ल्याई दिएको हुँ अरु मलाई केही थाहा छैन भनी चकचकी ७ वस्ने तिलचन गौतमले प्रहरी समक्ष गरेको कागज ।

८. वारदात मिति २०७५।८।५ गते भन्दा ४।५ महिना अगाडि देखि गाउँकै नेत्रवहादुर कार्की कहिले काही घरमा आउने गरेको, मृतक मेरो आमासँग के के गफ गर्ने मलाई थाहा हुदैन थियो । एक दिन (तिथि मिति मलाई थाहा भएन) २०७५ साल असोज महिनामा प्लाष्टिकको डव्वामा दवाई ल्याई दिएको कुरा मलाई थाहा भई आमालाई सोधनी गर्दा केही हैनी भनी ढाट्नु भएको थियो । पछि वुझ्दा नेत्रवहादुर कार्की, जीवन घिमिरे र कुमार अधिकारी समेतका व्यक्तिहरु सँग शारिरीक सम्वन्ध भएको र सोही कारण गर्भ खोलाउन भनी दवाई ल्याई खुवाएको रहेछ सो दवाईवाट नभए पछि निजहरुले मेरो आमालाई कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको छोरा हरिप्रसाद आचार्यले प्रहरीमा लेखाई दिएको कागज ।

९. वारदात मिति भन्दा धेरै पहिला देखि नै मेरो हजुर आमा विरामी हुनु हुन्थ्यो । म एक्लो भएको कारण कही जान पाउदिन थिए । मेरो हजुर आमा विमारी हेर्न जाऊँ भन्ने वाहाना पारी मृतक लोकमायां आचार्यलाई गाउँकै नेत्रवहादुर कार्की, जीवन घिमिरे र कुमार अधिकारी समेतका प्रतिवादीहरुले २०७५।८।५ गते राती चकचकी ७ स्थित घोडामारा चिया वगानमा लगी कर्तव्य गरी मारेका रहेछन् । निजहरुले नै कर्तव्य गरी मारेकोमा मलाई विश्वास लाग्छ भन्ने समेत व्यहोराको इन्द्रप्रसाद खरेलले प्रहरी समक्ष गरेको कागज ।

१०. वारदात मिति २०७५।८।५ गते भन्दा ३।४ महिना अगाडि देखि गाऊँकै नेत्रवहादुर कार्की, जीवन घिमिरे र कुमार अधिकारी समेतका मानिसहरु मृतक लोकमायां आचार्यसँग शारिरीक सम्वन्ध राख्दै आएका र निजहरुवाटै गर्भ रहन गएको सो गर्भ खुलाउन प्रयत्न गरी विभिन्न योजनाहरु वनाई गर्भ खुलाउन दवाई समेत ल्याई खुवाई सो दवाईवाट पनि गर्भ खुलाउन सफल हुन नसकेको र कहीं कतै गाउँका छिमिकेहरु समेतले थाहा पाए भने हाम्रो ठूलो वईजत, वद्नामी हुने डर भई उल्लेखित तिन जना प्रतिवादीहरु एक आपसमा सल्लाह गरी प्लान वनाई वारदात मिति २०५९।४।२५ गते राती नै लोकमायां आचार्यलाई वोलाई लगी चकचकी ७ स्थित नारदमणी मैनालीको चिया वगान भित्र लगी सेतो कपडाको सल जस्तो कपडाले घाँटीमा वेरी कसी कर्तव्य गरी मारेका भन्ने कुरामा हामीहरुलाई विश्वास लाग्छ भनी जिल्ला झापा, बाह्रदशी गाउँपालिका वडा नं. ७ वस्ने चुडामणी भट्टराई, विरेन्द्र सापकोटा, पर्शुराम कार्की, वुद्धराज कार्की, चन्द्र प्रकाश योङ्गहाङ्ग समेतका ५ जनाले गरी दिएको वस्तुस्थिति मुचुल्का ।

११. वारदात मिति २०७५।८।५ गते म आफ्नै घरमा थिए । भोलिपल्ट विहान अन्दाजी ८ वजेको समयमा चकचकी वडा नं. १ वस्ने लोकमायां आचार्यलाई मारेको छ भन्ने कुरा गाऊँ घरमा हल्ला खल्ला भएपछि म समेतका मानिसहरु घटनास्थलमा गई हेर्दा मृतक अवस्थामा देखेको र पछि बुझ्दै जाँदा चकचकी ७ वस्ने विषे भन्ने नेत्रवहादुर कार्की, ऐ ऐ वस्ने जीवन घिमिरे र ऐ ऐ वस्ने कुमार अधिकारी समेतका मानिसहरु वारदात मिति भन्दा ३।४ महिना अगाडि देखि मृतकलाई करणी गर्दै आएका र निजको गर्भ रहन गएकोमा औषधी गराउँदा समेत गर्भ नगएकोमा आफुहरुले गरेको अपराधलाई लुकाउन माथि उल्लेखित प्रतिवादीहरुले मिति २०७५।८।५ गते योजना मिलाई कर्तव्य गरी मारेको हो । अरु कोही कसै सँग शँका छैन उल्लेखित प्रतिवादीहरुले नै कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको एकै मिलान हुने गरी रविनवहादुर कार्की, टेकप्रसाद आचार्य, पदमलाल उप्रेती, हरिप्रसाद मैनाली, गँगाप्रसाद मैनाली समेतका ५ जनाले प्रहरी समक्ष गरी दिएको कागज ।

१२. मृतक लोक मायां आचार्यको भिसेरा नमूनाहरु र नमूना ८ मा किटनाशक सिन्थेटिक पाईरेथाईड, साईपर मेथिन पाईएको छ भन्ने समेत व्यहोराको भिसेरा परिक्षण रिपोर्ट ।

१३. प्रतिवादीहरु जीवन घिमिरे, कुमार अधिकारी र नेत्रवहादुर कार्कीले मृतकलाई कहिले गर्भ तुहाउने औषधी खुवाउन कहीले ज्यान मार्न विष खुवाउने तथा कहिले घाँटीमा मृतकको सलले वाँधी कसी ज्यान मार्ने कार्य गरेकोले निज प्रतिवादीहरु तिनै जनाले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिम कसूर अपराध गरेको पुष्टि हुन आएकोले सोही दफाको उपदफा २ अनुसार हदैसम्म सजाँय हुन माग दावी रहेको अभियोग पत्र ।

१४. प्रतिवादीहरुले शुरु जिल्ला अदालतमा गरेको इन्कारी वयान ।

१५. झापा जिल्ला अदालतको फैसला ।

१६. शुरु झापा जिल्ला अदालतले गरेको फैसला उपर उच्च अदालत विराटनगरमा परेको पुनरावेदन पत्र ।